# नेपाल श्रमशक्ति सर्वेक्षण, दोस्रो (२०६४/६५) को प्रेसको लागि तयार गरिएको संक्षिप्त जानकारी

**मिति : २०६६।०४।२६**

**<u>सर्वेक्षणको विधि तथा उद्देश्य :</u>**

केन्द्रीय तथ्याङ्क विभागवाट नेपाल सरकार र संयुक्तराष्ट्र संघ विकास कार्यक्रम (UNDP) तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन भएको नेपाल श्रमशक्ति सर्वेक्षण, २०६४/६५ मा देशभरिबाट ८०० वटा प्राथमिक छनौट एकाईहरु (Primary Sampling Units - PSUs) वाट छानिएका करिव १६ हजार घरपरिवारका सदस्यहरुको आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरु, परिवारले प्रयोग गरेको घरको प्रकार तथा विभिन्न सुविधाहरु, शिक्षा, बसाईसराई, विप्रेषण, आदिका बारेमा विस्तृत विवरणहरू संकलन गरिएको थियो । यस सर्वेक्षणमा राष्ट्रियस्तरको स्थितिलाई प्रतिनिधित्व गर्ने हिसाबले नमुना (sample) लिएर मौसमी प्रभाववाट तथ्यांकमा पर्न सक्ने असर न्यून गर्नको लागि १२ महिना (२०६४ माघ देखी २०६५ पुस) भरी विभिन्न चरणमा तथ्याङ्क सङ्कलन गरिएको थियो । नेपालमा पहिलो श्रमशक्ति सर्वेक्षण २०५५/५६ मा सम्पन्न भएको थियो र त्यसकै छनौट विधि अनुसरण गरी यस दोस्रो सर्वेक्षणमा पनि नमुना प्राथमिक छनौट एकाई (वडा वा वडा खण्ड) तथा घरपरिवारहरु छनौट गरिएको थियो ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०६४/६५ का प्रमुख उद्देश्यहरु नेपाली घरपरिवारहरूबाट अन्तर्राष्ट्रिय श्रम सङ्गठनले प्रतिपादित गरेको परिभाषा अपनाई अन्तर्राष्ट्रिय स्तरमा तुलना योग्य तथ्याङ्क सङ्कलन गरी श्रम सम्बन्धी विद्यमान तथ्याङ्कहरु अद्यावधिक गर्ने र पहिलो श्रमशक्ति सर्वेक्षणपछिका नौ वर्षमा विभिन्न सरकारी नीति तथा कार्यक्रमले श्रमशक्तिका परिसूचकहरूमा ल्याएको परिवर्तनको मापन गर्नु हो ।

**<u>आर्थिक क्रियाकलाप तथा रोजगारी सम्बन्धी नतिजाहरु :</u>**

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को परिभाषा अनुसार सन्दर्भ हप्तामा कम्तिमा १ घण्टा आर्थिक क्रियाकलापमा संलग्न भएका व्यक्तिहरुलाई हालको रोजगारको रुपमा परिभाषित गरिएको छ । यसै परिभाषा अनुसार नेपाल श्रमशक्ति सर्वेक्षण २०६४/६५ मा १५ वर्ष वा सो भन्दा माथि उमेर भएका रोजगार व्यक्तिहरु, काम खोजेका र कामको लागि उपलब्ध भएका व्यक्तिहरुको समुहलाई श्रमशक्ति भनिएको छ । यस सर्वेक्षणको नतिजा अनुसार श्रमशक्ति सहभागिता दर (Labour Force Participation Rate) ८३.४ प्रतिशत र रोजगारी दर ९७.९ प्रतिशत रहेको छ । अर्थात १५ वर्ष वा सो भन्दा बढी उमेरको करिव ८३ प्रतिशत जनसंख्या हाल आर्थिक क्रियाकलापमा सक्रिय रहेका छन् भने १७ प्रतिशत जनसंख्या हाल निश्क्रिय रहेको अनुमान गरिएको छ । यो सहभागिता दर २०५५/५६ मा गरिएको पहिलो नेपाल श्रमशक्ति सर्वेक्षणमा ८५.८ प्रतिशत रहेको थियो । उक्त सहभागिता दर ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा घट्दो क्रममा देखिन्छ । शहरी क्षेत्रमा उक्त दर प्रथम सर्वेक्षणमा ७३.३ प्रतिशत रहेकोमा हाल ६७.३ प्रतिशत रहेको छ ।

त्यसैगरी, रोजगार व्यक्तिहरु  मध्ये १६.९ प्रतिशत व्यक्तिहरु तलव/ज्याला लिएर काम गर्ने गर्दछन् र ८३.१ प्रतिशत व्यक्तिहरु स्वरोजगार (आफ्नै पेशा व्यवसायमा संलग्न भएका) छन् । १५ वर्ष वा सो भन्दा माथिका हाल रोजगार व्यक्तिहरु, औद्योगिक व्यवसाय वर्गीकरण अनुसार कृषि क्षेत्रमा ७३.९ प्रतिशत र गैर कृषि क्षेत्रमा २६.१ प्रतिशत रहेको देखिन्छ ।

हाल आर्थिक रुपले सक्रिय व्यक्तिहरुलाई आर्थिक क्रियाकलापमा ब्यतित गरेको समयको आधारमा वर्गीकरण गर्दा हप्तामा ४० घण्टा वा सो भन्दा बढी काम गर्ने ६६.८ प्रतिशत, २० देखि ३९ घण्टा सम्म काम गर्ने १९.५ प्रतिशत , २० घण्टा भन्दा कम काम गर्ने ११.६ प्रतिशत र शुन्य घण्टा पनि काम नगरेका अर्थात् पटक्कै काम नपाएका २.१ प्रतिशत ब्यक्तिहरु छन् । ४० घण्टा वा सो भन्दा बढी काम गर्नेहरुलाई पूर्ण रोजगार, ४० घण्टा भन्दा कम काम गर्नेहरुलाई अर्ध वेरोजगार र पटक्कै काम नपाएकाहरुलाई वेरोजगार भनिन्छ ।

विकाशोन्मुख देशहरुमा अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप वढि हुने, प्रायः घरपरिवारले गर्ने आर्थिक क्रियाकलापमा परिवारका सदस्यहरु कुनै न कुनै रुपमा संलग्न हुने र पृथक सांस्कृतिक मान्यता भएकोले रोजगारी नपाएको अवस्थामा परम्परागत व्यवसायमा नै सबै संलग्न हुने भएकाले १ घण्टा काम गरेको अन्तर्राष्ट्रिय परिभाषा अनुसार रोजगारीका दरहरु हाम्रो जस्ता विकाशोन्मुख देशहरुमा झण्डै शतप्रतिशत हुने र  वेरोजगारी दर ज्यादै न्युन हुने भएकोले विकासोन्मुख देशहरुको लागि वेरोजगारी दरको नयाँ सूचकको रुपमा **श्रम अल्प उपयोग दर** (Labour Under Utilization Rate) को विकास गरिएको छ । **श्रमको अल्प उपयोग भएका समुह अन्तर्गत हाल वेरोजगार रहेका, आफुले काम गर्न चाहेर पनि पूर्ण रोजगारी नपाएका, पूर्ण रोजगार तर अपर्याप्त कमाइ भएका र आफ्नो सिप/शिक्षा/योग्यता सँग नमिल्दो पेशा वा रोजगारी अपनाई रहेका व्यक्तिहरुलाई समावेश गरी श्रम अल्प उपयोग दर निकालिन्छ ।**

**सम्पन्न सर्वेक्षणको नतिजा अनुसार, १५ वर्ष वा सो भन्दा माथिका आर्थिक क्रियाकलापमा संलग्न व्यक्तिहरुको श्रम अल्प उपयोग दर करिव ३० प्रतिशत देखिन्छ ।** श्रमको अल्प उपयोग भएका समुह अन्तर्गत विभाजन गर्दा श्रम शक्तिको २.१ प्रतिशत वेरोजगार, ६.७ प्रतिशत चाहेर पनि पूर्ण रोजगारी नपाएका, ८.१ प्रतिशत अपर्याप्त कमाइ भएका र १३.२ प्रतिशत शिक्षा सुहाँउदो पेशा नभएका देखिन्छन् ।

त्यसैगरी श्रम अल्प उपयोग दर शहरी क्षेत्रको लागि करिव ५० प्रतिशत र ग्रामीण क्षेत्रको लागि करिव २७ प्रतिशत रहेको देखिन्छ । पुरुषहरुको लागि यो दर ३८ प्रतिशत र महिलाको लागि करिव २३ प्रतिशत भएको अनुमान गरिएको छ । उमेर समुह अन्तर्गत २०-२४ वर्षको श्रम अल्प उपयोग दर सबैभन्दा वढी (अर्थात ४६ प्रतिशत ) रहेको अनुमान गरिएको छ । उमेर समुह अनुसार २५-२९ वर्ष, १५-१९ वर्ष र ३०-३४ वर्ष उमेर समुहको लागी श्रम अल्प उपयोग दर क्रमशः ३९, ३५ र ३१ प्रतिशत रहेको छ ।

मानिसहरुले काम गरेको क्षेत्रको आधारमा रोजगारी सम्बन्धी तथ्यांकहरु प्रस्तुत गर्दा औपचारिक र अनौपचारिक गरी दुई क्षेत्रमा छुट्याउने गरिन्छ । हाम्रो जस्तो विकासशिल देशको आय आर्जन र कुल रोजगारी उल्लेखनीय रुपमा अनौपचारिक क्षेत्र (Informal Sector) मा गरिने क्रियाकलापवाट प्राप्त हुन्छ । तर कृषि क्षेत्रमा अनौपचारिक क्रियाकलापहरु परिभाषित गर्न ज्यादै जटिल हुने भएकोले गैरकृषि

क्षेत्रमा मात्र अनौपचारिक क्षेत्रको गणना गरिन्छ । १५ वर्ष वा सो भन्दा माथिको गैरकृषि क्षेत्रको रोजगारी मध्ये करिव ७० प्रतिशत अनौपचारिक क्षेत्रमा छ र यो गत श्रमशक्ति सर्वेक्षण २०५५/५६ मा ७३ प्रतिशत रहेको थियो ।

सन् २००३ को अन्तराष्ट्रिय श्रम तथ्याङ्क सम्मेलनले अनौपचारिक रोजगारी (Informal Employment) सम्वन्धी नयाँ अवधारणा को विकास गरेको छ । सो अवधारण अर्न्तगत कुनै रोजगार ब्यक्तिले सामाजिक सुरक्षा (पेन्सन,उपदान आदि) तथा तलवी विदा प्राप्त गर्दैन भने त्यस्ता ब्यक्तिको रोजगारीलाई जुनसुकै क्षेत्रमा भए पनि अनौपचारिक रोजगारी मानिन्छ । जस अनुसार १५ वर्ष वा सो भन्दा माथिको लागि कुल गैरकृषि रोजगारीको ८६.४ प्रतिशत अनौपचारिक रोजगारी अर्न्तगत रहेको छ । त्यस्तै कुल गैरकृषि रोजगार पुरुष मध्ये ८३.८ प्रतिशतको अनौपचारिक रोजगारी छ भने १६.२ प्रतिशतको औपचारिक रोजगारी छ । महिलाको हकमा कुल गैरकृषि रोजगार महिला मध्ये ९१.८ प्रतिशतको अनौपचारिक रोजगारी छ भने ८.२ प्रतिशतको मात्र औपचारिक रोजगारी छ ।

**गैर आर्थिक क्रियाकलाप सम्बन्धी नतिजाहरु :**

राष्ट्रिय लेखाको सिद्धान्त (System of National Accounts- SNA 1993) मा उत्पादनको दायरा भित्र नपरेका क्रियाकलापलाई गैर आर्थिक क्रियाकलाप भनिन्छ । जस अनुसार घरपरिवारमा परिवारका सदस्यहरुको आफ्नै उपभोगको लागि गरिने सेवा कार्यहरु जस्तै घरधन्दा, बालवालिका तथा वृद्धहरुको हेरचाह, खाना पकाउने, लुगा धुने आदिलाई गैर आर्थिक क्रियाकलापको रुपमा लिइएको छ । यस सर्वेक्षणको नतिजा अनुसार सन्दर्भ हप्तामा ५ वर्ष वा सो भन्दा माथिका जनसंख्याको करिव ६१.१ प्रतिशत एक वा एक भन्दा बढी गैरआर्थिक क्रियाकलापमा संलग्न भएको अनुमान गरिएको छ जो गत सर्वेक्षणमा ५७.५ प्रतिशत थियो । गत सर्वेक्षणको तुलनामा गैरआर्थिक क्रियाकलापमा संलग्न पुरुषहरुको अनुपात करिव ७ प्रतिशतले वृद्धि (३७.२ प्रतिशत वाट ४३.९ प्रतिशत) भएको छ भने महिलाहरुको अनुपात स्थिर रहेको अनुमान गरिएको छ । त्यसैगरी, १५ वर्ष वा सोभन्दा माथिका गैरआर्थिक क्रियाकलापमा संलग्न पुरुषहरुको अनुपात गत सर्वेक्षणको भन्दा झण्डै ९ प्रतिशतले वृद्धि भएको (४७.७ प्रतिशत वाट ५६.९ प्रतिशत) तर यो महिलाहरुको हकमा भने झण्डै समान छ । यसवाट गैरआर्थिक घरायसी काममा पुरुषहरु तुलनात्मक रुपमा बढी संलग्न हुन थालेको देखिन्छ । संलग्न समय हेर्दा १५ वर्ष वा सो  भन्दा माथि उमेर भएका पुरुषले औसत ५.७ घण्टा र महिलाले औसत २३.२ घण्टा गैरआर्थिक घरायसी काममा व्यतित गरेको अनुमान गरिएको छ ।

**बसाइसराई तथा परिवारमा अनुपस्थित सम्बन्धी नतिजाहरु :**

हाल सम्पन्न सर्वेक्षण अनुसार करिव ३३ प्रतिशत व्यक्तिहरु हाल बसिरहेको स्थानमा देशभित्रको गा.वि.स. वा नगरपालिका वा विदेशवाट बसाईंसराई गरेर आएको अनुमान गरिएको छ । आफ्नो जीवनमा कम्तिमा एकपटक बसाईंसराई गर्ने दर पुरुषहरुको तुलनामा महिलाहरुको बढी ( महिला-४४ प्रतिशत, पुरुष-२१ प्रतिशत) देखिन्छ । शहरी क्षेत्रमा बसाइँ सरेर आएका मध्ये ७६ प्रतिशत व्यक्तिहरु ग्रामीण क्षेत्रवाट आएका, १३ प्रतिशत व्यक्तिहरु अन्य शहरी क्षेत्रवाट आएका र ११ प्रतिशत व्यक्तिहरु विदेशवाट आएको अनुमान गरिएको छ ।

यस सर्वेक्षणमा परिवारमा अनुपस्थित व्यक्तिहरुको पनि तथ्यांक संकलन गरिएको थियो । जसअनुसार कम्तिमा एक जना परिवारको सदस्य अनुपस्थित रहेका घरपरिवारहरु करिव ४३.८ प्रतिशत अनुमान गरिएको छ । त्यसैगरी उक्त घरपरिवारहरु मध्ये कम्तिमा एक जना सदस्य बिदेशमा रहेका घरपरिवारहरु २९.१ प्रतिशत र कम्तिमा एक जना सदस्य स्वदेशमा रहेका घरपरिवारहरु १९.३ प्रतिशत रहेको अनुमान गरिएको छ ।

**विप्रेषण(remittance) सम्बन्धी नतिजाहरु :**

हाल सम्पन्न सर्वेक्षणमा कुल घरपरिवारहरुको करिव ३० प्रतिशतले विप्रेषण प्राप्त गरेको देखिन्छ ।  प्राप्त विप्रेषणको श्रोत हेर्दा कुल विप्रेषण करिव १७ प्रतिशत स्वदेशवाट र करिव ८३ प्रतिशत विदेशवाट प्राप्त भएको अनुमान गरिएको छ । विदेशवाट आएको विप्रेषण मध्ये भारत, मलेसिया, साउदी अरेविया, कतार, बेलायत र बाँकी अन्य देशहरुवाट क्रमशः करिव १३.४, १९.२, १४.९, २१.३, २.२ र २९.० प्रतिशत प्राप्त भएको देखिन्छ ।

**परिवारले प्रयोग गरेको सुविधा सम्बन्धी नतिजाहरु :**

नेपाल श्रमशक्ति सर्वेक्षण २०६४/६५ को नतिजा अनुसार ८९.२ प्रतिशत घरपरिवारहरू आफ्नै घरमा बसिरहेको र ९.२ प्रतिशत घरपरिवारहरु वहालमा बसिरहेका देखिन्छ । खाना पकाउनको लागि मुख्य इन्धनको रुपमा दाउरा प्रयोगगर्ने घरपरिवारको प्रतिशत ६८.४ तथा  सिलिन्डर ग्याँस (LPG)) प्रयोगगर्ने घरपरिवारको प्रतिशत १२.३ रहेको अनुमान रहेको छ । त्यसैगरी ५६ प्रतिशतले विजुली बत्तिको प्रयोग गरेका छन भने अझै ३३ प्रतिशत घरपरिवारले मट्टितेलनै वत्तीको लागि मुख्यरुपमा प्रयोग गरिरहेका छन् । धाराको पानीलाई मुख्य खानेपानीको श्रोत भन्ने घरपरिवार ४५ प्रतिशत रहेका छन् भने ३९ प्रतिशत ले हाते पम्प/वोरिङ को पानी प्रयोग गरिरहेका छन् । करिव ५८ प्रतिशत घरपरिवार संग रेडियो छ भने मात्र ३३ प्रतिशत घरपरिवार संग टेलिभिजन छ ।

**शैक्षिक स्थिति सम्बन्धी नतिजाहरु :**

नेपाल श्रमशक्ति सर्वेक्षण २०६४/६५ को नतिजा अनुसार करिव ६३ प्रतिशत, ५ वर्ष वा सो भन्दा माथिका व्यक्तिहरु साक्षर छन् भने सो २०५५/५६ को सर्वेक्षणमा ४९.८ प्रतिशत  रहेको थियो । विगतको ९ वर्षमा सोही उमेर समुहमा पुरुष साक्षरता दर ६४.५ बाट वृद्धि भई ७४.७ प्रतिशत पुगेको छ भने महिला साक्षरता दर ३५.८ बाट वढेर ५३.१ प्रतिशत पुगेको छ । १५ वर्ष वा सो भन्दा माथिका ब्यक्तिहरुको साक्षरतादर पनि  ४४.५ प्रतिशत बाट ५५.६ प्रतिशत पुगेको छ ।

घरपरिवार सर्वेक्षण शाखा
**केन्द्रीय तथ्याङ्क विभाग**